# पशुपन्छी स्रोत केन्द्र व्यवस्थापन सम्बन्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

## प्रदेश सरकार


भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश

वीरेन्द्रनगर सुर्खेत नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# पशुपन्छी स्रोत केन्द्र व्यवस्थापन सम्बन्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावना**

कर्णाली प्रदेशको बढ्दो जनसंख्या एवं शहरीकरणले गर्दा पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थको माग बढ्दै गइरहेको छ भने पशुपन्छी पालन व्यवसायलाई व्यवसायीकरण गर्ने चाहने यूवा तथा उद्यमीहरुको संख्या पनि बृद्धि हुदै गई रहेकोले त्यसलाई आवश्यक पर्ने उन्नत तथा स्थानीय जातका पशुपन्छीको भरपर्दो र व्यवस्थित स्रोत कर्णाली प्रदेशमा नभएको हुदा यस प्रदेशमा माग हुने पशुपन्छीको अभावलाई दृष्टिगत गरी यस मन्त्रालयको आ.व. २०७६।०७७ को स्वीकृत पशुपन्छी स्रोत केन्द्र व्यवस्थापन सम्बन्धि कार्यक्रमलाई पूर्ण सरकारी वा साझेदारी अवधारणा अनुरुप निजी उद्यमी, कम्पनी, समूह/समिति, सहकारी एवं स्थानीय तह संगको सहकार्यमा स्रोत केन्द्र विकास तथा व्यवस्थापन कार्यक्रमलाई सरल, सहज, पारदर्शी एवं प्रभावकारी ढंगले संचालन गर्नका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरेको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ**

क) यो कार्यविधिको नाम "पशुपन्छी स्रोत केन्द्र व्यवस्थापन सम्बन्धि कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेकोछ।

ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सम्झनु पर्दछ।

ख) "निर्देशनालय" भन्नाले पशुपन्छी विकास निर्देशनालय,कर्णाली प्रदेश सम्झनु पर्दछ।

ग) "कार्यालय " भन्नाले आर्थिक सहयोग प्रवाह गर्ने पशु अस्पताल तथा पशु सेवा कार्यालय सम्झनु पर्दछ।

घ) "पशुपन्छी " भन्नाले व्यवसायिक तथा घरपालुवा पशुपन्छी तथा मत्स्यका विभिन्न जातिहरु सम्झनु पर्दछ।

ङ) "पशुपन्छी स्रोत केन्द्र" भन्नाले उन्नत प्रविधिको प्रयोग गरी पशुपन्छीको नश्ल वा वीउ उत्पादन विक्री वितरण गर्ने कृषक समुह समिति, सहकारी, निजी, उद्यमी ,व्यवसायी फर्म कम्पनी आदी लाई सम्झनुपर्दछ।

च) "सहकारी संस्था " भन्नाले सहकारी ऐन ,२०७४ बमोजिम गठन भएका सहकारी सम्झनु पर्दछ।

छ) "साझेदारी कम्पनी" भन्नाले दुई वा दुई भन्दा बढी सदस्यहरुको शेयरमा सञ्चालन भई कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको संस्थालाई सम्झनु पर्दछ।

ज) "समूह" भन्नाले यस कार्यविधि अन्तर्गत रही पशुपन्छी स्रोतकेन्द्र स्थापना तथा सञ्चालनका कार्यक्रम संचालन गर्न चाहने कम्तिमा १५ देखि २५ जनाको समूहलाई सम्झनु पर्दछ।

उपसचिव

मा.विमला के.सी.
मन्त्री

झ) "कार्यक्रम" भन्नाले पशुपन्छी स्रोतकेन्द्र विकास तथा व्यवस्थापन सम्बन्धि कार्यक्रम सम्झनु पर्दछ।

ञ) "आर्थिक सहयोग" भन्नाले पशुपन्छी स्रोत केन्द्र विकास तथा व्यवस्थापनका लागि आवश्यक पर्ने मुल वीउ पशुपन्छी र पूर्वाधार विकासका कार्य गर्नको लागि सहयोग पुर्याउन उपलब्ध गराइने नगद तथा वस्तुगत सहयोग सम्झनु पर्छ ।

झ) "लाभग्राही" भन्नाले पशुपन्छी स्रोतकेन्द्र विकास तथा व्यवस्थापन कार्यक्रम संचालन गर्नको लागि छनौट भएको साझेदारी निजी व्यवसायी / कम्पनी/समूह/सहकारी संस्था/स्थानीय तह सम्झनु पर्छ ।

ञ) "पूर्वाधार" भन्नाले पशुपन्छी स्रोत केन्द्र विकास तथा व्यवस्थापन गर्न आवश्यक पर्ने वीउ पशुपन्छी, भवन चरन क्षेत्र तथा अन्य आवश्यक पर्ने मेशिनरी औजार उपकरण लगायतका सम्बन्धित खर्च शिर्षक बाट खरिद तथा निर्माण गरिने संरचना एवं बस्तुहरु आदि सम्झनु पर्दछ ।

ट) "परियोजना" भन्नाले यस कार्यक्रममा छनौट भएका पशुपन्छी श्रोत केन्द्र विकास तथा व्यवस्थापन गर्न तयार गरीएको व्यवसायिक योजनालाई सम्झनु पर्दछ ।

ठ) "प्रस्ताव" भन्नाले पशुपन्छी श्रोतकेन्द्र विकास तथा व्यवस्थापन कार्यक्रम संचालन गर्नको लागि वीउ पशुपन्छी र सोका लागि आवश्यक भौतिक पूर्वाधार तथा मेशिनरी सामान खरिद, जस्ता कार्य गर्नको लागि आर्थिक सहयोग पाउन पेश गरेको कार्य योजना सहितको आवेदन सम्झनु पर्दछ ।

ड) "वीउ पशुपन्छी" भन्नाले पशुपन्छी स्रोत केन्द्र स्थापनाका लागि आवश्यक पर्ने प्राविधिक तथा जातीय पहिचान भएका प्रजनन योग्य पोथी तथा भाले जातका पशुपन्छीलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २
## कार्यक्रम सञ्चालन प्रकृया

**३ सम्वन्धित स्रोत केन्द्रको सम्भाव्यता अध्ययनः** स्रोत केन्द्र छनौट गरिनु अगावै स्रोत केन्द्र सञ्चालन गरिने जिल्लाहरूमा सम्बन्धित निकायका प्राविधिकहरूबाट विस्तृत सम्भाव्यता अध्ययन गरी सम्भाव्य क्षेत्रहरूको पहिचान गरिने छ ।

**४.सूचना प्रवाह तथा प्रस्ताव आव्हानः** सूचना प्रवाह तथा प्रस्ताव आव्हान देहाय बमोजिम हुनेछः-

१. कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ। सम्बन्धित सरोकारवाला सवैको जानकारीका लागि कार्यक्रम सञ्चालन गरिने गाउँ पालिका / नगरपालिका तथा जिल्ला समन्वय समितिको कार्यालयको सूचना पाटीमा समेत सूचना टाँस गर्नु पर्नेछ । स्थानीय एफ.एम. रेडियो, पत्र पत्रिकाहरु बाट समेत सो सम्बन्धी सूचना प्रकाशन तथा प्रसारण गर्न सकिने छ।

२. प्रस्ताव पेश गर्न इच्छुक निजी उद्यमी कम्पनी समूह / समिती सहकारी एवं स्थानीय तहहरुले अनुसूचि-२ अनुसारको निवेदन साथ तपसिल अनुसारको कागजात पेश गर्नु पर्ने छ ।

क) सम्बन्धित निकायमा दर्ता भएको निजी उद्यमी, संस्था/समुह/कम्पनी / सहकारी संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि,

उपसचिव राजेन्द्र प्रसाद भारी मा.विमला क.सी. मन्त्री

ख) संस्था/समूह/कम्पनीको निर्णय र विनियम वा विधानको प्रतिलिपि ,

ग) आर्थिक सहयोगमा अनुसुचि ३ अनुसारको प्रस्तावना

घ) सम्वन्धित स्थानीय तहको सिफारिस पत्रलाई ग्राह्यता दिईने छ ।

ङ) सहकारी/कम्पनीको हकमा संस्थाको पछिल्लो आ.व.को लेखा परिक्षण भएको प्रतिवेदन प्रतिलिपि,

च) सहकारी/कम्पनीको हकमा कर बुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण,

छ) सहकारी/कम्पनीको तर्फबाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि,

ज) स्थानिय तहको हकमा लागत सहभागिता हुने प्रतिबद्धता र समझदारी पत्र (MOU) मार्फत संचालन गर्न सकिने छ ।

झ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग तथा करार खुल्ने प्रमाण पत्रको प्रतिलिपी,

ञ) व्यवसायिक रुपमा पशुपन्छी पालन गर्दै आएका समुह समिति सहकारीका सदस्यहरुको जग्गा धनी प्रमाण पूर्जा र समूह समिति सहकारीको सिफारिस पत्र

ट) दुई वा सो भन्दा वढी समूह/सहकारीहरु बाट आवेदन पेश गर्नु पर्दा संचालक समिति निर्माण गरि सो समितिको निर्णय प्रतिलिपि साथै सम्वन्धित समुह/सहकारीहरुको प्रतिबद्धता पत्र ।

ठ) आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी औजार खरीदका लागि लाभग्राहीले व्यहोर्नु पर्ने लागतको अंश व्यहोर्ने क्षमता तथा प्रतिबद्धता भएको प्रमाणित गर्ने कागजपत्रहरु,

ड) आवश्यक पूर्वाधार निर्माण तथा मेशिनरी औजार खरीदका लागि विस्तृत कार्ययोजना सहितको प्रस्ताव।

**४. प्रस्ताव मूल्याङ्कन तथा छनौटः-** प्रस्ताव मूल्याङ्कन तथा छनौट देहाय वमोजिम हुने छ :-

१. प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिले अनुसूचि-४ को आधारमा रही मूल्याङ्कन फाराम तयार गरी छनौट गर्नु पर्नेछ।

२ प्रस्ताव मूल्याङ्कन तथा छनौट समितिः प्रस्ताव मूल्याङ्कन तथा छनौट समिति देहाय अनुसार हुने छ ।

क) कार्यालय प्रमुखले तोकेको विषयगत अधिकृत - संयोजक

ख) लेखा प्रमुख (सम्बन्धित कार्यालय) - सदस्य

ग) कार्यक्रम हेर्ने प्राविधिक (सम्बन्धित कार्यालय) , - सदस्य-सचिव

३.समितिले आवश्यकता अनुसार बैठकमा विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ। समितिले बढीमा तीन वटा बैठकबाट कार्य सम्पादन गरिसक्नु पर्नेछ ।

४.समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तु परक बनाउन समितिका सदस्यहरु मध्यबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ। उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

५. मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) प्रस्तावसंग पेश भएका कागजात अध्ययन गरी स्थलगत अध्ययन, अवलोकन गरी प्राप्त प्रस्ताव उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्ने छ ।

ख) आवश्यकता अनुसार उप-समितिलाई छनौट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ। प्रत्यायोजित अधिकार वमोजिमको कार्यसम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नु पर्ने छ ।

ग) समितिले समग्र विषयवस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त प्रस्तावहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

घ) समितिले मूल्याङ्कन सम्बन्धी कार्य गर्दा प्रस्ताव पेश भएको अन्तिम मितिले बढीमा १५ दिन भित्र प्रस्ताव छनौट गर्ने गरी मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्ने छ । उक्त म्याद भित्र छनौट गर्न नभ्याउने भएमा उचित कारण र आधार खुलाई पुनः बढीमा ७ दिनको म्याद थप गर्न सकिने छ ।

ङ) मूल्याङ्कन समितिले मूल्याङ्कन प्रतिवेदन तयार गरि सकेपछि आवश्यक राय तथा सिफारिस सहित कार्यालयका प्रमुख समक्ष पेश गर्नु पर्ने छ ।

६. कार्यालयले छनौट भएका प्रस्तावहरुको विवरण खुलाई ७ दिनको म्याद दिई सम्झौता गर्ने आशयको सूचना जारी गर्नु पर्ने छ ।

७. छनौटमा परेका प्रस्ताव उपर उजुरी नपरेमा छनौट भएको ८ औं दिन देखि ३ दिन भित्र सम्झौता गर्न आउने गरी छिटो साधन मार्फत सम्बन्धित प्रस्ताव कर्तालाई सूचना दिनु पर्ने छ ।

८. छनौट भएका प्रस्ताव उपर उजुरी परेमा ७ दिन भित्रमा उजुरी उपर आवश्यक निर्णय गरी सक्नु पर्नेछ ।

५.<u>खरिद तथा निर्माण प्रकृया:</u> खरीद तथा निर्माण प्रकृया देहाय बमोजिम गर्नु पर्ने छ ।

१. खरीद तथा निर्माण प्रकृया प्रचलित सार्वजनिक खरीद ऐन र सार्वजनिक खरिद नियमावली अनुसार गर्नु पर्ने छ ।

२. निर्माण कार्यको डिजाईन, इष्टिमेट, प्राविधिक नाँप जाँच, सुपरिवेक्षण, रनिङ्ग बिल तथा कार्य सम्पन्न बिल तयारीको लागि मन्त्रालय अन्तर्गतका निकायहरु / स्थानीयतह हरुबाट उपलब्ध हुने ईन्जिनियर /सवईन्जिनियर प्राविधिकबाट गराउने, तर सो जनशक्ति उपलब्ध नभएमा अन्य सरकारी निकायको प्राविधिक जनशक्तिबाट कार्य गराउने र अन्य सरकारी निकायको प्राविधिक पनि उपलब्ध हुन नसक्ने अवस्थामा नेपाल ईन्जिनियरिङ्ग परिषद्बाट इजाजत प्राप्त ईन्जिनियर /सवईन्जिनियर वा सो कार्यका लागि नेपाल सरकारबाट ईजाजत प्राप्त फर्मबाट सेवालिन सकिने छ।

६. <u>सम्झौता र भुक्तानी प्रकृया:</u> कार्यक्रम संचालन गर्दा देहाय अनुसार सम्झौता र भुक्तानी हुने छ।

१. सम्झौताः कार्यालयले लाभग्राही संग अनुसूची ६ अनुसारको सम्झौता गर्नु पर्ने छ। सम्झौतामा स्व लगानी समेत उल्लेख गरी सम्झौता गर्नु पर्ने छ ।

२. भुक्तानी विधिः सम्झौतामा उल्लेखित भएको आर्थिक सहयोग रकमको भुक्तानी लाभग्राहीको बैंक खाता मार्फत बढीमा ३ किस्तामा देहाय अनुसार भुक्तानी गरिने छ ।

क. सम्झौता भए पछि कार्य योजना, पेश्की मागको निवेदन, बैंक सुरक्षण वा २० (बीस) प्रतिशत कार्य सम्पन्न हुने प्रमाण पेश गरे पछि पेश्कीको रुपमा प्रथम किस्ता वापत आर्थिक सहयोग रकमको २० प्रतिशत भुक्तानी, गरिने छ ।

ख. ५० प्रतिशत कार्य सम्पन्न भए पछि सम्पूर्ण बिल भर्पाई सहित पहिलो किस्ता फछ्र्यौट गरी जम्मा ३० प्रतिशत पहिलो रनिङ्ग बिलको रुपमा भुक्तानी, गरिने छ ।

ग. सवै कार्यसम्पन्न भई कार्य सम्पन्न प्रतिवेदन सहित अन्तिम प्रतिवेदन प्राप्त भए पछि ५० प्रतिशत तेस्रो तथा अन्तिम किस्ताको रुपमा भुक्तानी।

घ. भुक्तानी हुँदाका बखत लाभग्राहीले गर्ने लागत सहभागिताबाट पनि भुक्तानीको अनुपातमा कार्य सम्पन्न गरिसकेको हुनु पर्ने तथा सो कुरा बिलहरुमा स्पष्ट देखिएको हुनु पर्ने छ ।

ङ. भुक्तानीका अन्य प्रकृयाहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तथा अन्य सम्बन्धित प्रचलित कानुनहरु बमोजिम हुने छ ।

च. सम्वन्धित लाभग्राहीले रनिङ्ग बिल तथा तोकिएको निर्माण कार्य सकि कार्यसम्पन्न बिलको आधारमा रकम भुक्तानी लिन सो कार्यको सुपरिवेक्षण तथा प्राविधिक नाँप जाँचको लागि लिखित निवेदन दिएको सात दिन भित्र कार्यालयले निर्माण कार्यको अनुगमन, सुपरिवेक्षण तथा सम्पन्न कार्यको प्राविधिक मूल्याङ्कन (नाँप जाँच) गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्ने छ।

छ. निर्माण कार्यमा स्वीकृत सहयोग आर्थिक रकमको रनिङ्ग बिलको आधारमा बढीमा ५ प्रतिशत रकम सम्बन्धित कार्यालय / निर्देशनालयले कन्टीजेन्सीको रुपमा खर्च गर्न सक्ने छ ।

## परिच्छेद-३

## अनुगमन मूल्याङ्कन

७. **अनुगमन मुल्याङ्कन** : कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई अनुगमन निरिक्षण गर्न गराउन सक्ने छ।

१. निर्देशनालयले प्राप्त प्रतिवेदन उपर आवश्यक अध्ययन विश्लेषण गरी आवश्यकता अनुसार सम्बन्धित कार्यालयलाई निर्देशन दिने, आवश्यकता अनुसार थप अनुगमन गर्ने र मन्त्रालयलाई प्रतिवेदन पेश गर्नु पर्ने छ।

२. मन्त्रालयले निर्देशनालयबाट प्राप्त प्रतिवेदन अध्ययन विश्लेषण गरी आवश्यकता अनुसार थप अनुगमन गर्न वा निर्देशन दिन सक्नेछ ।

३. जिल्ला तथा स्थानीय स्तरमा निम्न बमोजिमको समन्वय समिति गठन गर्न सकिनेछ

क) जिल्लास्तरीय कार्यक्रम अनुगमन समिति

| | |
|---|---|
| जिल्ला समन्वय समितको प्रमुख वा उप प्रमुख | संयोजक |
| सम्वन्धित स्थानिय तहको प्रमुख/उप प्रमुख वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| कृषि विकास कार्यालयको कार्यालय प्रमुख | सदस्य |
| उद्योग वाणिज्य संघको प्रतनिधि | सदस्य |
| जिल्ला सहकारी संघ प्रतिनिधि | सदस्य |
| जिल्ला स्थित पत्रकार महासंघ/नागरिक समाज | सदस्य |

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी
कर्णाली प्रदेश
वीरेन्द्रनगर,सुर्खेत,नेपाल

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय प्रतिनिधि | सदस्य |
| सम्वन्धित विषय विज्ञ | सदस्य |
| सम्बन्धित कार्यालय प्रमुख | सदस्य सचिव |

**८. स्रोत केन्द्रका ढाँचा निम्न अनुसार हुनेछन**

**क सरकारी ढाँचा**

- उपयुक्त स्थान र पशुवस्तुको स्रोत केन्द्र पहिचानका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयबाट मातहतका जिल्लाहरूमा विस्तृत सम्भाव्यता अध्ययन गराई उल्लेखित पशुपन्छी तथा मत्स्य स्रोत केन्द्रको विकास गर्ने ।
- प्रदेश सरकार र स्थानीय सरकारको संयुक्त लगानिमा पुर्बाधारको विकास गरि स्रोत केन्द्र स्थापना तथा संचालन गरी स्थानीयस्तरमा प्रविधिको विकास र प्रसार तथा गुणस्तरीय सामग्रीको उपलव्धता बढाउंदै लाने
- स्रोत केन्द्र सञ्चालनको दुइ तीन बर्ष पश्चात सहजरूपमा सञ्चालित स्रोत केन्द्रलाई क्रमिक रूपमा स्थानीय सरकार मार्फत नै सञ्चालन र व्यवस्थापन गराउने गरी हस्तान्तरण गरिनेर स्रोत केन्द्र सञ्चालनका लागि आबश्यक पर्ने प्राविधिक सेवा स्थानीय तहबाट नै गराउन लगाइने छ।
- स्थानीय तहका पशुसेवा शाखाका प्राविधिकहरूको पुनर्ताजगी र क्षमता विकासका लागि सम्बन्धित जिल्लाका पशु अस्पताल तथा पशु सेवा कार्यालयबाट समन्वय गरी तालिम कार्यक्रममा समावेश गर्दै लाने

**ख सामुदायिक - सरकारी ढाँचा**

- सम्भाब्यता अध्ययन गरि सामुदयीक र सरकारी निकायहरुविच सहकार्य गरि स्रोत केन्द्र स्थापना तथा संचालन गर्ने ।
- प्रदेश सरकारबाट आर्थिक सहयोग उपलब्ध गराउदा परियोजना लागतको ६० प्रतिशत भन्दा बढी नहुने गरि सहयोग उपलब्ध गराउने ।
- स्रोत केन्द्र स्थापना तथा संचालनको जिम्मेवारी सामुदायिक निकायको रहने छ साथै अनुगमन तथा प्राविधिक सहयोग प्रदेश सरकारको रहने छ ।

**ग सहकारी - सरकारी ढाँचा**

- सम्भाव्यता अध्ययन गरी सहकारी र सरकारी निकायहरुविच सहकार्य गरी स्रोत केन्द्र स्थापना तथा संचालन गर्ने ।
- प्रदेश सरकारबाट आर्थिक सहयोग उपलब्ध गराउदा परियोजना लागतको ६० प्रतिशत भन्दा बढी नहुने गरि सहयोग उपलब्ध गराउने ।
- स्रोत केन्द्र स्थापना तथा संचालनको जिम्मेवारी सहकारी निकायको रहने छ साथै अनुगमन तथा प्राविधिक सहयोग प्रदेश सरकारको रहने छ ।

**घ निजी - सरकारी**

- सम्भाब्यता अध्ययन गरि निजी स्तरमा स्रोत केन्द्र स्थापना तथा संचालन गर्ने ।



उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर,सुर्खेत,नेपाल

- प्रदेश सरकारबाट आर्थिक सहयोग उपलब्ध गराउदा परियोजना लागतको ५० प्रतिशत भन्दा बढी नहुने गरि सहयोग उपलब्ध गराउने ।
- श्रोत केन्द्र स्थापना तथा संचालनको पूर्ण जिम्मेवारी निजी स्तरको रहने छ।
- नियमित अनुगमन प्रदेश सरकारको रहने छ ।
- सम्वन्धित निकायमा नियमित आय कर तिर्ने दायित्व निजी क्षेत्रको रहने छ ।

ङ) निजी / समूह सहकारी – सरकारी

- सम्भाब्यता अध्ययन गरी सहकारी र सरकारी निकायहरुविच सहकार्य गरी स्रोत केन्द्र स्थापना तथा संचालन गर्ने ।
- प्रदेश सरकारबाट आर्थिक सहयोग उपलब्ध गराउदा परियोजना लागतको ६० प्रतिशत भन्दा बढी नहुने गरी सहयोग उपलब्ध गराउने ।
- स्रोत केन्द्र स्थापना तथा संचालनको जिम्मेवारी सहकारी निकायको रहने छ साथै अनुगमन तथा प्राविधिक सहयोग प्रदेश सरकारको रहने छ ।

च) सामूहिक

- सम्भाव्यता अध्ययन गरी समूहिक स्तरमा स्रोत केन्द्र स्थापना तथा संचालन गर्ने ।
- प्रदेश सरकारबाट आर्थिक सहयोग उपलब्ध गराउदा परियोजना लागतको ७० प्रतिशत भन्दा बढी नहुने गरी सहयोग उपलब्ध गराउने ।
- स्रोत केन्द्र स्थापना तथा संचालनको पूर्ण जिम्मेवारी सामूहिक स्तरको रहने छ ।
- नियमित अनुगमन प्रदेश सरकारको रहने छ ।
- सम्वन्धित निकायमा नियमित आय कर तिर्ने दायित्व सामूहिक क्षेत्रको नै रहने छ ।

## परिच्छेद ४

## आर्थिक सहयोगको विषय, सिमा र प्राविधिक सम्बन्धि व्यवस्था

९. आर्थिक सहयोगको सिमाः आर्थिक सहयोग प्राप्त गर्न निम्न मापदण्ड पुरा गरेका समूह/सहकारी/साझेदार कम्पनीहरुलाई निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराउन सकिने छ।

| सि.नं. | विवरण | प्रदेश सरकार सहयोग | स्वलगानी |
|---|---|---|---|
| १ | भौतिक पुर्वाधार विकासमा | ५० प्रतिशत | ५० प्रतिशत |
| २ | मेशिनरी उपकरणमा | ६० प्रतिशत | ४० प्रतिशत |
| ३ | बिउ पशुपन्छी तथा मत्स्य | ६० प्रतिशत | ४० प्रतिशत |
| ४ | एकमुष्ट चालु खर्चमा | २० प्रतिशत | ८० प्रतिशत |
| ५ | उपचार सेवा सामाग्री | ६० प्रतिशत | ४० प्रतिशत |
| ६ | पशुपन्छी बिमा | १०० प्रतिशत | ० प्रतिशत |



उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मन्त्री

नोटः- पशुपन्छी बिमा १०० प्रतिशत (बिमा प्रिमियमको ७५ प्रतिशत संघीय सरकार र २५ प्रतिशत प्रदेश सरकार)

१०. **आर्थिक सहयोग उपलव्ध गराउन सकिने कार्यक्रमहरुः** स्रोत केन्द्र विकास तथा व्यवस्थापनको लागि निम्न अनुसारका कार्यक्रम संचालन गर्न निम्न बमोजिमको लागत सहभागिता गराउनु पर्ने छ।

क) पशुपन्छीका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, भवन निर्माण, बार बन्देज व्यवस्थापन, खानेपानी व्यवस्थापन, चरन क्षेत्र सुधार

ख) च्याफ कटर साइलो पिट दुध तथा दुध जन्य पदार्थका लागि आवश्यक पर्ने मेशिनरी उपकरणहरु

ग) विउ पशु माउ तथा भाले पशु खरीद

घ) ट्रेविज निर्माण

ङ) डिपिङ्ग ट्यांकी निर्माण

च) टयाग तथा ट्यागीङ्ग मेशिन खरीद

छ) औषधी उपचार कक्ष निर्माण र सो को लागि आवश्यक पर्ने उपकरण

ज) पशु अहारा व्यवस्थापन संग सम्बन्धि कार्यक्रम (पहिलो बर्ष)

झ) माछा पोखरी निर्माण र सम्बन्धित उपकरणहरु

ञ) माछाको भुरा खरिद (पहिलो बर्ष)

च) दाना खरिद ( पहिलो बर्ष)

छ) प्राविधिक व्यवस्थापन

१०. वीउ पशुपन्छी तथा सामाग्री खरिद सम्बन्धमा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भए बमोजिम खरिद प्रक्रिया पुरा गर्नुपर्ने छ ।

११.कार्यक्रम सञ्चालन गर्न प्राविधिकको व्यवस्थाः कार्यक्रम सञ्चालनको लागि प्राविधिक भर्ना गर्दा दुवै पक्षको समन्वय र सहमतमा प्राविधिक रुपले योग्य व्यक्ति नियुक्ति गर्नुपर्नेछ ।

## परिच्छेद -५
## विविध

१२. पुरस्कार तथा कार्वाहीको व्यवस्थाः पुरस्कार तथा कार्वाहीको व्यवस्था देहाय अनुसार हुने छ।

क. तोकिएको समय भन्दा अगाडि, तोकिएको मापदण्ड र गुणस्तरमा कार्य सम्पन्न गर्ने लाभग्राही र सम्बन्धित कार्यमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरुप मन्त्रालयबाट कदर पत्र सहित सार्वजनिक रुपमा पुरस्कृत गरी सम्मान गरिने छ ।

ख. सम्झौता तथा कार्यतालिका बमोजिम कार्य नगर्ने लाभग्राहीलाई आर्थिक सहयोग रकम उपलब्ध गराइने छैन ।

ग. आर्थिक सहयोग रकम दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कार्वाही गरी सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

घ. यस्ता लाभग्राहीहरुलाई भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिने छ ।

दृष्टव्यः यस कार्य विधिमा उल्लेख गरेको बाहेक अन्य प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्य विधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुने छ ।

१३. कार्यक्रम प्राप्त गर्ने लाभग्राहीको काम, कर्तव्य र जिम्मेवारी

क) सूचनामा उल्लेख भएको मिति, स्थान र समयमा आफूले गर्न चाहेका विषयमा तोकिएको विवरण सहित आवेदन पेश गर्ने।

ख) कार्यक्रम सञ्चालन गर्न यस कार्य विधिको अनुसूची अनुसार सम्झौता गर्ने।

ग) लाभग्राहीसंग सम्झौता गर्दा कम्तिमा त्रिवर्षिय कृयाकलाप र बजेट बनाई पेश गर्ने ।

ग) सम्झौता अनुसार वजेट तथा कार्यक्रम सञ्चालन गर्ने ।

ग) पशु अस्पताल तथा पशु सेवा कार्यालय/निर्देशनालयले कार्यक्रम कार्यान्वयनको सिलसिलामा दिएको सुझावहरु पालना गर्ने।

घ) कार्यक्रम जुन उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिएको हो सोही अनुसारको कार्य प्रगति विवरण सम्बन्धित निकायमा नियमित रुपमा पेश गर्नु पर्ने छ।

ङ) सम्झौतामा उल्लेख गरिएको समयसिमा भित्र तोकिएको कार्यक्रम सम्पन्न गरी समयमै भुक्तानीको लागि पेश गर्ने।

च) सम्झौता अनुरुप कार्य गर्ने जिम्मेवारी प्रस्तावकको हुने छ। सम्झौता अनुरुपका कार्य गर्दा तोकिएको आर्थिक सहयोग रकम नपुगभएमा प्रस्तावक स्वयमले व्यहोर्ने वा अन्य श्रोत खोज्ने जिम्मा प्रस्तावकको हुने छ।

छ) खरिद गरी श्रोतकेन्द्र प्रयोजनका लागि पालिएका पशुहरुको अनिवार्य विमा गर्नु पर्नेछ । र स्रोत केन्द्रबाट उत्पादन भएका पशु वस्तुहरुको जातीय गुण समेत खुल्ने गरी रेकर्ड राखि टयागिङ्ग गरेको हुनु पर्ने छ ।

१४. बाधा अड्काउ फुकाउनेः

क. यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुने छ।

ख. यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्ने छ।

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## अनुसूची - १

### प्रस्ताव आव्हानको सूचनाको ढाँचा

यस पशु अस्पताल तथा पशु सेवा कार्यालय, .................. को आ.व. ..................... को वार्षिक स्वीकृत लागत सहभागीतामा...............स्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्नको लागि ................. जिल्लामा बसोवास गरेका कार्यक्रमले तोके अनुसारका कृषक समूह/सहकारी/कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र तपसिलमा उल्लेखित विवरण सहितको आवेदन फाराम सम्बन्धित पशु अस्पताल तथा पशु सेवा कार्यालय, .................. मा पेश गर्न हुन जानकारी गराइन्छ। प्रस्तावकहरुले यस्तै प्रकृतिको कार्यक्रममा सरकारी निकायबाट विगत तीन आर्थिक वर्ष एक लाख भन्दा माथिको नगद तथा वस्तुगत आर्थिक सहयोग लिई सकेको भए छनौट प्रक्रियामा समावेश गराइने छैन। विस्तृत जानकारीको लागि सम्बन्धित पशु अस्पताल तथा पशु सेवा कार्यालय .................. मा सम्पर्क राख्न हुन अनुरोध छ।

क. संलग्न हुनु पर्ने कागजातहरु

१. आवेदन फाराम अनुसूची २ अनुसारको)

२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी

४. साविकका जिल्ला पशु सेवा कार्यालय वा अन्य सम्बन्धित निकायमा कृषक समूह/सहकारी/कम्पनी दर्ता भएको भए प्रमाणपत्रको प्रतिलिपी

५. संस्थागत भए संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी गत आ.व. को लेखा परिक्षण प्रति वेदन र कर चुक्ताको प्रमाण

६. अन्य प्राविधिक प्रमाणपत्र भए प्रतिलिपीहरु

७. समूहका सदश्यहरुको परियोजना छनौट भएमा कार्यन्वयन गर्ने प्रतिबद्धताको निर्णयको प्रतिलिपि

८. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए १० (दश) बर्ष सम्मको करार सम्झौता

९. अनुसूची ४ अनुसारको प्रतिबद्धता पत्र

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची - २

आवेदनको ढाँचा

श्रीमान कार्यालय प्रमुख ज्यू,
पशु अस्पताल तथा पशु सेवा निर्देशनालय / कार्यालय ..................

विषयः- ......................... कार्यक्रममा प्रस्तावना पेश गरेको बारे।

महोदय,

त्यस कार्यालयको मिति .............................. को प्रकाशित सूचना अनुसार म / हामीले यस आ.व. मा पशु अस्पताल तथा पशु सेवा कार्यालय ........को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लागत सहभागीतामा...........श्रोत केन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्नको लागि भईरहेको..............को श्रोत केन्द्र स्थापना गर्न इच्छा भएकोले तपसिल बमोजिमका कागजात राखी यो निवेदन पेश गरेको छु /छौं। उक्त कार्यक्रम प्राप्त भएमा यस सम्बन्धि सम्झौता र मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्नेछु /छौ र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड विपरित गरेको पाईएमा विद्यमान कानून बमोजिम कार्यवाहीको भागेदारी हुन मन्जुर रहेको व्यहोरा अनुरोध गर्दछु /छौं।

तपसिल

१. आवेदन फाराम
२. कार्ययोजना सहितको प्रस्ताव
३. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी
४. साविकका जिल्ला पशु सेवा कार्यालय वा अन्य सम्बन्धित निकायमा कृषक समूह/सहकारी/ कम्पनी दर्ता भएको भए सो को प्रमाणित प्रतिलिपि
५. संस्थागत भए संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी गत आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण
६. अन्य प्राविधिक प्रमाण पत्र भए सो को प्रतिलिपीहरु
७.समूहका सदश्यहरुको परियोजना छनौट भएमा कार्यन्वयन गर्ने प्रतिबद्धता निर्णयको प्रतिलिपि
८.जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए १० दश बर्ष सम्मको करार सम्झौता
९. अनुसूची ४ अनुसारको प्रतिबद्धता पत्र

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची - ३ (क)

संक्षिप्त कार्ययोजनाको ढाँचा

कृषक/समूह/ संस्थाको नाम, थरः

ठेगानाः जिल्ला .................. गाउँपालिका/नगरपालिकाः .......... गाउँ/टोलः ................ वडा नं. .......

सञ्चालन गर्न खोजेको कार्यक्रमः ............................................. स्थानः ............................

सहयोग स्वरुपमाग गरेका आर्थिक सहयोग रकमः ................................समूह/समितिको तर्फबाट लागत सहभागिता गरिने रकमः ......................................................

समूहगत श्रमः ..........................................................................................................

कार्यक्रमबाट उत्पादन हुने बस्तुः ....................................................................................

सम्भावित उत्पादन हुने वस्तुको परिमाणः ................................................................

बजार योग्य परिमाणः ...............................................................................................

व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पार्छ कि पार्दैनः ..........................................................

सम्पर्क टेलिफोन नम्बरः ............................................................................................

समूह/सहकारी/कम्पनी को खाता रहेको वैकको नामः

खाता नं.:

संचालन गरिने कार्य विवरणः

| क्र.स. | संचालन गरिने क्रियाकलाप | आर्थिक सहयोग | साझेदारी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

सम्भावित आर्थिक उपलव्धीहरुः ........................................................................................

आवेदन दिनेको नामथरः-

पदः-

दस्तखत :-

संस्था भए संस्थाको छापः-

मितिः-

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## अनुसूची - ३ (ख)
## संक्षिप्त व्यावसायिक कार्ययोजनाको ढाचा

कृषक/संस्थाको नाम, थर:

ठेगाना: जिल्ला .................. गाउँ/नगरपालिका: .......... गाउँ/टोल: ................ वडा नं. .......

सञ्चालन गर्न खोजेको कार्यक्रम: ............................................ स्थान: ............................

सम्पर्क टेलिफोन नम्बर:

कार्य स्थलको वातावरणीय अवस्था

क) अनुकुल ख) प्रतिकुल ग) सुधार गर्नु पर्ने

१.कार्यक्रमको कुल लागत रकम: ............................................

क. पूजीगत खर्च (भौतिक पूर्वाधारमा )

ख. चालु खर्च (अन्य कार्य संचालनमा

२.स्व लगानी क) नगद.रु ....... ख) ऋणको श्रोत नाम .....

ग) श्रम:

३ परियोजनाको अवधि

४. समूह/सहकारी/कम्पनी को खाता रहेको वैकको नाम:

खाता नं.:

५ प्रथम वर्ष गरीने कार्यक्रम तथा लागत रु

| क.स. | सञ्चालन गरीने क्रियाकलाप | इकाइ | परिमाण | कुल लगानी | आर्थिक सहयोग | स्व लगानी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | नगद | श्रमदान |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | कुल जम्मा | | | | | | |

६ दोस्रो वर्ष गरीने कार्यक्रम तथा लागत रु

| क.स. | सञ्चालन गरीने क्रियाकलाप | इकाइ | परिमाण | कुल लगानी | आर्थिक सहयोग | स्व लगानी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | नगद | श्रमदान |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | कुल जम्मा | | | | | | |



सचिव राजेन्द्र प्रसाद भारी मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

७ तेस्रो बर्ष गरीने कार्यक्रम तथा लागत रु

| क्र.स. | सञ्चालन गरिने क्रियाकलाप | इकाइ | परिमाण | कुल लगानी | आर्थिक सहयोग | स्व लगानी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | नगद | श्रमदान |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | कुल जम्मा | | | | | | |

८ तिन वर्षको कुल कार्यक्रम तथा लागत रु

| क्र.स. | सञ्चालन गरीने क्रियाकलाप | इकाइ | परिमाण | कुल लगानी | आर्थिक सहयोग | स्व लगानी | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | नगद | श्रमदान |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | कुल जम्मा | | | | | | |

९ कार्यक्रमबाट उत्पादन हुने सेवा वा बस्तुको विवरण

| क्र.स. | विवरण | इकाइ | क्षमता परिमाण | हालको अवस्था | | पहिलो वर्ष उपलब्धि | |
|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | आम्दानी रु | परिमाण | आम्दानी रु |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

१० उत्पादित सेवा वा वस्तुको बजार विवरण

| क्र.सं. | बजार विवरण | दुरी कोष तथा सडक बाटो | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कोष | कि मि | कच्ची | पक्की | गोरेटो | |
| १ | स्थानीय बजार | | | | | | |
| २ | हाट बजार | | | | | | |
| ३ | संकलन केन्द्र | | | | | | |
| ४ | खुद्रा पसल | | | | | | |

११ कार्य संचालन कार्ययोजना प्रथम वर्षको

| सि.नं | कार्यक्रम | प्रथम महिना | दोस्रो महिना | तेस्रो महिना | चौथो महिना | पाँचौ महिना | छैटौ महिना | सातौ महिना | ........ | अन्तिम महिना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

१२ कार्यक्रमबाट हुने उपलब्धिहरु तीन बर्षको (अनुमानित)

| क्र.सं. | विवरण | इकाइ | परिमाण | आम्दानी विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो वर्ष | | दोस्रो वर्ष | | तेस्रो वर्ष | |
| | | | | परिमाण | आम्दानी रु | परिमाण | आम्दानी रु | परिमाण | आम्दानी रु |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

आवेदन दिनेको नामथरः-

पदः-

दस्तखतः-

संस्था भए संस्थाको छापः-

मितिः-

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## अनुसूची - ४

### कार्यक्रम छनौट मूल्याङ्कनको फाराम ढाँचा

| क्र.सं. | द.नं. | आवेदकको नाम ठेगाना | कार्य योजना( १०) | व्यवसायको प्राविधिक सम्भाव्यता/पूर्वाधार१५)) | हाल मौज्दात पशुको संख्या(१०) | आर्थिक सहभागिता१५)) | शैक्षिक योग्यता , अनुभव र तालिम(५) | समावेशीकरण१५)) | पर्यावरणीय असर) ५) | तालिम तथा अ नुभव) १०) | प्रस्तावकको किसिम (२०)सहकारी (२०)समुह (१५)निजी (१०) | कुल प्रासाङ्क) १००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

उपसचिव

राजेन्द्र प्रसाद गारी
सचिव

मा.विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची-५

प्रतिबद्धता पत्र

...........................................समूह/सहकारी/कम्पनीको .......पदमा रहेको म श्री .....................यो प्रतिबद्धता गर्दछु की मैले ...........................................केन्द्रबाट........स्रोत केन्द्र स्थापना गर्न मिति ................मा प्रकाशित सूचना अनुसारको प्रस्ताव पेश गरी प्रस्ताव स्वीकृत भई कार्य योजनामा उल्लेखित भएका कार्यक्रम हरुलाई सम्झौतामा उल्लेख भएका सर्तहरुको पूर्ण रुपमा पालना गरी सम्पन्न गर्ने छु। /छौं। सो कार्यक्रममा तोकिए अनुसारको लागत /उपलब्धि अन्य सेवा सुविधा कार्ययोजनामा तोकिए बमोजिम सहभागिता हुन सहमत छु /छौं । सो को पालना नभएमा प्रचलित कानून बमोजिम गर्ने गराउने छु /छौं भनी यो प्रतिबद्धता पेश गरेको छु/छौं।

प्रतिबद्धता गर्नेको
दस्तखतः
नामः
पदः
मितिः

संस्थाको नामः
दस्तखतः
नामः
पदः
मितिः
छापः

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

ना.विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची - ६

सम्झौता पत्रको ढाँचा

पशु अस्पताल तथा पशु सेवा कार्यालय /निर्देशनालय, ............. को स्वीकृत कार्यक्रम अनुसार आ.व. ............. मा सञ्चालन हुने............श्रोतकेन्द्र स्थापना कार्यक्रम सञ्चालन गर्नको लागि छनौट भएका श्री ..................................................समूह / सहकारी / कम्पनी (यस भन्दा पछाडी दोस्रो पक्ष भनिने) र पशुपन्छी विकास निर्देशनालय/पशु अस्पताल तथा पशु सेवा कार्यालय, ............. (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) बीच तपसिलका सर्तहरुको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न द्विपक्षीय सम्झौता भएको छ।

तपसिल

१. कार्य योजना अनुसार कार्यक्रम र क्रियाकलापहरु तोकिएको अवधिमा सम्पन्न गर्नु दोस्रो पक्षको जिम्मेवारी हुने छ।

२.पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रम सञ्चालनको लागि दिनु पर्ने आर्थिक सहयोग रकम समूहको/सहकारी/कम्पनी को खातामा जम्मा गर्ने छ। खातामा जम्मा गर्दा पहिलो किस्ता वापत कार्यविधि अनुसार पेश्की रकम उपलव्ध गराइने छ। दोस्रो किस्ता र अन्तिम किस्ताको रकम कार्य सम्पन्न प्रतिवेदनको आधारमा फिल्ड भेरिफिकेशन पछि मात्र उपलव्ध गराइने छ।

३. पहिलो पक्षबाट तोकिएको प्राविधिक विषय वस्तुलाई दोश्रो पक्षले अनिवार्य रुपमा पालना गर्नु पर्ने छ।

४.पहिलो पक्षबाट प्राप्त अनुदान सहयोगलाई दोस्रो पक्षले कम्तिमा पनि १० वर्ष सम्म मास्न वा दुरुपयोग गर्न पाउने छैन र त्यसो गरेको पाइएमा निजको सो रकम असुल उपरको लागि प्रचलित कानून बमोजिम आवश्यक कार्यवाही गरिने छ। व्यवसायबाट उत्पादित वस्तुको बजार व्यवस्था दोस्रो पक्ष स्वयमलेनै गर्नु पर्ने छ।

५.यस कार्यक्रमबाट खरिद भएका मेशिनरी सामान र निर्माण सुधार गरिएका भौतिक पूर्वाधारहरुको मर्मत सम्भार दोस्रो पक्ष स्वयमलेनै गर्नु पर्ने छ।

६. पहिलो पक्षले नियमित रुपमा आर्थिक सहयोग प्राप्त गर्नेको अनुगमन गर्ने छ।

७. दोस्रो पक्षले चौमासिक रुपमा प्रगति विवरण सम्बन्धित पशु अस्पताल तथा पशु सेवा कार्यालयमा बुझाउनु पर्ने छ।

८. यस सम्झौतामा उल्लेखित काम गर्दा परीआउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयं हुने छ।

९. पशु अस्पताल तथा पशु सेवा कार्यालयले आवश्यक ठानेका विषय वस्तु थप हुन सक्नेछन्।

१०. अनुदान रकमको दुरुपयोग भएको पाईएमा दोस्रो पक्षबाट सो रकम असुल उपरको लागि प्रचलित कानून बमोजिम आवश्यक कार्यवाही गरिनेछ।

११. अन्य कुराहरु आपसी समझदारीमा सम्पन्न गर्नु पर्ने छ । कुनै विवाद भएमा प्रथम पक्षको निर्णय अन्तिम हुने छ।

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

| | |
|---|---|
| प्रथम पक्ष | दोस्रो पक्ष |
| पशु अस्पताल तथा पशु सेवा कार्यालयको तर्फबाट सही गर्नेको | कृषकको तर्फबाट |
| नामः- | नामः- |
| पदः- | पदः- |
| दस्तखतः- | दस्तखतः- |
| मितिः- | मितिः- |
| कार्यालयको छापः | |

उपसचिव

सचिव

मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## अनुसूची - ७
## मध्यावधिक प्रतिवेदनको ढाँचा

कृषक/संस्थाकोनाम, थरः

ठेगानाः जिल्ला .................... गाउँ/नगरपालिकाः ........... गाउँ/टोलः ................. वडा नं. .......

सञ्चालन गर्न खोजेको कार्यक्रमः ...................................... स्थानः .............................

पेश गरेको मिति

आर्थिक सहयोग प्राप्त गरेको रकम

सहयोग स्वरुप प्राप्त भएको आर्थिक सहयोग रकमः ..................................................................

समूह/समितिको तर्फबाट लागत सहभागिता गरिने रकमः...............................................

समूह गत श्रमः ....................................................................................................

सर्म्पक टेलिफोन नम्बरः ..........................................................................................

सम्पन्न भएका कार्य विवरणः

| क.सं. | क्रियाकलाप | आर्थिक सहयोग खर्च | साझेदारी खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | कूलखर्च | | | |

यस अवधिमा सम्पन्न भएका अनुगमन विवरण

पशु अस्पताल ......................... बाट पटक मिति

प्रदेश निर्देशनालय .................................बाट पटक मिति

प्रदेश मन्त्रालय .................................बाट पटक मिति

अन्य निकाय .......................................बाट पटक मिति

पेश गर्नेको नाम,थरः- संस्था भए संस्थाको छापः-

पदः- मि

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची - ८

अन्तिम कार्य सम्पन्न प्रतिवेदनको ढाँचा

कृषक/संस्थाको नाम, थरः

ठेगानाः जिल्ला .................... गाउँ/नगरपालिकाः .......... गाउँ/टोलः ................ वडा नं. .......

सञ्चालन गर्न खोजेको कार्यक्रमः ..................................... स्थानः ............................

पेश गरेको मिति

आर्थिक सहयोग प्राप्त गरेको रकम

सहयोग स्वरुप प्राप्त भएको आर्थिक सहयोग रकमः ...............................................................

समूह/समितिको तर्फबाट लागत सहभागिता गरिने रकमः.............................................

समूहगत श्रमः ...............................................................................................

सर्म्पक टेलिफोन नम्बरः ......................................................................................

क) सम्पन्न भएका कार्य विवरणः

| क.सं. | क्रियाकलाप | आर्थिक सहयोग खर्च | साझेदारी खर्च | जम्मा खर्च |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | कूल खर्च | | | |

ख) कार्यक्रमबाट उत्पादन हुने सेवा वा वस्तुको विवरण

| क.सं. | विवरण | इकाइ | क्षमता परिमाण | पहिलो वर्षको उपलव्धि | |
|---|---|---|---|---|---|
| | | | | परिमाण | आम्दानी रु |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

ग) कार्यक्रमबाट भएका उपलव्धीहरु बुँदागत रुपमा

१.

२.

३.

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

ना.विमला के.सी.
मन्त्री

घ) यस अवधिमा सम्पन्न भएका अनुगमन विवरण

| | | | |
|---|---|---|---|
| पशु अस्पताल ......................... | बाट | पटक | मिति |
| प्रदेश निर्देशनालय ................................ | बाट | पटक | मिति |
| प्रदेश मन्त्रालय ................................ | बाट | पटक | मिति |
| अन्य निकाय ...................................... | बाट | पटक | मिति |

पेशगर्नेको नाम,थरः-

संस्था भए संस्थाको छापः-

पदः-

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची-९

पशुपन्छी स्रोत केन्द्रको प्राविधिक मापदण्ड

| विवरण | एकजातीय | बहु जातीय | कैफियत |
|---|---|---|---|
| गाई संख्या | १०० | ३०० | आयोजनाको २ वर्षमा हुनु पर्ने । |
| भैसी संख्या | १०० | ३०० | |
| बाख्रा सख्या | ५०० | १५०० | |
| भेडा संख्या | ५०० | १५०० | |
| बंगुर | १०० | २०० | |
| ह्याचरी माछा | १०००० | २०००० | |
| ह्याचरी प्यारेन्ट संख्या स्थानीय कुखरा | ५०० | १००० | |
| ह्याचरी अन्य कुखुरा | ५००० | १०००० | |
| चौरी | १०० | | |
| घाँस तथा डालेघाँस हे | २ | ५ | |
| नर्सरी विरुवा/सेट्स | १०००० | १००००० | |

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## अनुसुची-१०
### सम्भाव्यता अध्ययन फाराम

१) सम्भाव्यता अध्ययनको विषय

२) स्थान जिल्ला                    गा पा न पा                    वार्ड नं

३) उद्देश्य

क)

ख)

ग)

४) भौगोलिक विशेषता

| | |
|---|---|
| हिमाली | |
| पहाड | |
| समथल | |

५) बातावरणीय अवस्था

| | |
|---|---|
| विवरण | |
| उपयूक्त | |
| सुधार गर्नु पर्ने | |
| अनुपयूक्त | |

६) प्राकृतिक श्रोत

| | |
|---|---|
| विवरण | |
| वन जंगल | |
| पानी | |
| चरन क्षेत्र | |
| | |

७) आधारभुत श्रोतहरु

| | |
|---|---|
| विवरण | |
| सडक | |
| संचार | |
| वजार | |
| विद्युत | |
| श्रम वजार | |

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मा. विमला के.सी.
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

८) आधारभुत तथ्यांक सर्भेक्षण विवरण

| सेवा वा बस्तु विवरण | हालको परिमाण | जात | | | | | | | संलग्न कृषक परिवार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थानिय | उन्नत | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

९) सम्बन्धित विषयको जातीय विशेषता

| जातीय विवरण | शुद्ध जात | बर्णशंकर |
|---|---|---|
| | | |
| | | |
| | | |

१०) संस्थागत विवरण

| संस्थाको विवरण | परिमाण | सदस्य संख्या | स्थिर पूजी | चालु पूजी | कुल कारोवार रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| समुह | | | | | | |
| समिती | | | | | | |
| सहकारी | | | | | | |

११) अन्य आवश्यक विषय भएमा समावेश गर्ने

उपसचिव

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री